नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नेपाल प्रहरी केनाईन कार्यालय**
(प्रशासन शाखा)

फो नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६
महाराजगंज, काठमाण्डौ।

पत्र सङ्ख्या:- १/२०८२/०८३
प्र.प.सं.:-

मिति:- २०८२ कात्तिक २३ गते।
ने.सं. ११४६

**विषय:- निष्क्रिय प्रहरी कुकुर स्वीकारकर्ता छनौट गरिएको सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"**बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"**बाट न्यूनतम मूल्य निर्धारण समेत भएको नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई स-शुल्क वितरण प्रयोजनार्थ आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नको निम्ति नेपाल प्रहरीको Website, यस कार्यालयको फेसबुक पेज तथा सूचना पाटी समेतबाट मिति २०८२/०७/१४ गते ७ (सात) दिने सूचना प्रकाशित भएकोमा स-शुल्क निष्क्रिय प्रहरी कुकुर **(जर्मन शेफर्ड जातको डेनी)** स्वीकारको लागि एउटा मात्र निवेदन प्राप्त नभएको हुँदा उक्त निवेदकलाई तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागी स्वीकारकर्ता छनौट गरिएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिल बमोजिमका कागजात सहित निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागी नेपाल प्रहरी केनाईन कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गराईन्छ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | निष्क्रिय प्रहरी कुकुरको | | | | स्वीकार कर्ता | कै. |
|---|---|---|---|---|---|---|
| | जात | नाम | लिङ्ग | जन्म मिति/उमेर | | |
| १. | जर्मन शेफर्ड | डेनी | भाले | २०७३/०९/२८ | प्र.स.ह. मान बहादुर बि.क. | स-शुल्क (५,०००।-) |

**निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्दा पेश गर्नु पर्ने कागजात:**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्र (सक्कल)।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टा (सक्कल)।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्र (सक्कल)।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामा (सक्कल)।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति

**(नोट: यो निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना "प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन) को "अनुसूची -२३" अनुसार तयार गरिएको छ।)**

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नेपाल प्रहरी केनाईन कार्यालय**
(प्रशासन शाखा)

फो नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६

महाराजगंज, काठमाण्डौ ।

पत्र सङ्ख्या:- १/२०८२/०८३
प्र.प.सं.:-

मिति:- २०८२ कात्तिक २३ गते ।
ने.सं. ११४६

**विषय:- निष्क्रिय प्रहरी कुकुर वितरण गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"**बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"**बाट न्यूनतम मूल्य निर्धारण समेत भएको नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई स-शुल्क वितरण प्रयोजनार्थ आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नको निम्ति मिति २०८२/०७/१४ गते नेपाल प्रहरीको Website, यस कार्यालयको फेसबुक पेज तथा सूचना पाटी समेतबाट सूचना प्रकाशित भएकोमा ७ दिनको समयसिमा भित्र स-शुल्क निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागि कुनै निवेदन प्राप्त नभएकाले नि-शुल्क वितरणको लागि यो सूचना प्रकाशित गरिएको हुँदा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित सक्कलै निवेदन पेश गर्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | निष्क्रिय प्रहरी कुकुरको | | | | | कै. |
|---|---|---|---|---|---|---|
| | जात | नाम | लिङ्ग | जन्म मितिउमेर | विषय | |
| १. | बिगल | डेनी (Deny) | भाले | २०७४/०८/०१ | लागू औषध खोजी एवं पहिचान | नि-शुल्क |

**निवेदनका साथ पेश गर्नु पर्ने कागजात:**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि ।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि ।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि ।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामाको प्रतिलिपि ।
५. **Online निवेदन पेश गर्नको लागि:** निष्क्रिय प्रहरी कुकुर स्वीकारको निवेदन भरी निवेदन तथा आवश्यक कागजातहरु Scan गरेर यस कार्यालयको ईमेल ठेगाना canine_admin@nepalpolice.gov.np मा पठाउन सक्नुहुनेछ ।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति

**(नोट: यो निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना "प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन) को "अनुसूची -२३" अनुसार तयार गरिएको छ ।)**

**"अनुसूची -२४"**

(बूँदा नं. १७.२ सँग सम्बन्धित)

**निष्क्रिय प्रहरी कुकुर स्वीकारको निवेदन**

श्रीमान कार्यालय प्रमुखज्यू,
नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंज, काठमाण्डौ ।

**विषय:- निष्क्रिय प्रहरी कुकुर स्वीकार (Adopt) गर्ने सम्बन्धमा ।**

महोदय,

सेवामा यो निवेदन लेखि पेश गर्नुको कारण यो छ कि नेपाल प्रहरीबाट जारी भएको **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा उल्लेखित नीतिगत व्यवस्थालाई पूर्ण रुपमा पालना गरी नेपाल प्रहरी केनाईन कार्यालयबाट मिति गते जारी भएको सूचना बमोजिम उक्त कार्यालयमा निष्क्रिय अवस्थामा रहेको जातको नाम गरेको भाले/पोथी प्रहरी कुकुर स्वीकार (Adopt) गर्न म ईच्छुक रहेको र स्वीकार गरिएको प्रहरी कुकुरको पौष्टिक आहार (रासन) व्यवस्थापन, स्वास्थ्य उपचार लगायतका सम्पूर्ण कार्य म स्वयंले गर्न सक्षम रहेकोले उक्त प्रहरी कुकुर श-शुल्क/नि-शुल्क उपलब्ध गराई दिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु । श्रीमानको जो आदेश ।

निवेदक

बहालवाला/पूर्व प्रहरी कर्मचरीहरु भए दर्जा:
नामथर:
सम्पर्क ठेगाना:
सम्पर्क नं.:
मिति:

**(नोट: यो निष्क्रिय प्रहरी स्वीकारको निवेदन "प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)" अनुसार तयार गरिएको छ ।)**